आज मिति २०७७ साल जेठ ९ गते यस भेरीगंगा नगरपालिकाका नगर प्रमुख श्री भुपेन्द्र बहादुर चन्दको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितीमा कार्यपालिका बैठक बसी तपसिल बमोजिमको निर्णय गरियो ।

तपसिल

श्री भुपेन्द्र बहादुर चन्द, नगर प्रमुख
श्री रेणु आचार्य, नगर उप प्रमुख
श्री नवराज कार्की, वडा अध्यक्ष वडा नं. १
श्री नन्द बहादुर बुढा, वडा अध्यक्ष वडा नं. २
श्री जीतबहादुर सुनार, वडा अध्यक्ष वडा नं. ३
श्री महाविर खत्री, वडा अध्यक्ष वडा नं. ४
श्री प्रेम बहादुर सारु मगर, वडा अध्यक्ष वडा नं. ५
श्री बल बहादुर खड्का, वडा अध्यक्ष वडा नं. ६
श्री कर्ण बहादुर मिजार, वडा अध्यक्ष वडा नं. ७
श्री पदम बहादुर खत्री, वडा अध्यक्ष वडा नं. ८
श्री लक्ष्मुमन राना वडा अध्यक्ष वडा नं. ९
श्री मान बहादुर बुढा मगर, वडा अध्यक्ष वडा नं. १०
श्री तीलकराम डाँगी, वडा अध्यक्ष वडा नं. ११
श्री हरि प्रसाद कडेंल. वडा अध्यक्ष वडा नं. १२
श्री टीकाराम सुवेदी, वडा अध्यक्ष वडा नं. १३
श्री रमना परियार, कार्यपालिका सदस्य
श्री प्रतिक्षा विक, कार्यपालिका सदस्य
श्री शेर बहादुर कामी, कार्यपालिका सदस्य
श्री खिम कुमारी राना, कार्यपालिका सदस्य
श्री मोतिसरा खत्री, कार्यपालिका सदस्य
श्री भुमीकला सुनार, कार्यपालिका सदस्य
श्री खिम बहादुर कामी, कार्यपालिका सदस्य
श्री विष्णु खत्री, कार्यपालिका सदस्य
श्री नोखिराम ओली प्रमुख प्रशासकीय अधिकृत

सहयोगीहरु

श्री रेशम बहादुर पुन(वडा नं. ४ अध्यक्ष सहयोगी
श्री राजेश बुढा स्वास्थ्य संयोजक
श्री अनिल चपाई, सूचना प्रविधि अधिकृत.
श्री नविन कुमार के.सी.,जिन्सी शाखा
श्री छविलाल सुनार स.ले.पा. लेखा शाखा
श्री विर बहादुर चुनारा, सरसफाईकर्मी

**प्रस्ताव नं. १. : क्वारेन्टाइन निर्माण तथा विस्तार गर्ने सम्बन्धमा ।**

निर्णय नं. १ : यस नगरपालिकाले कोरोना संक्रमणको समयमा यस नगरपालिकामा भारत तथा तेस्रो मुलुक र नेपालको विभिन्न स्थानबाट आउने भेरीगंगा नगरबासीहरुलाई १४ दिन सम्म क्वारेन्टाइनमा राख्नुपर्ने भएकोले हाल संचालनमा रहेका शारदा मा.बि. छिन्चु , ने रा मा.बि. लोदे र मा बि भिङ्गनिको क्षमताले धान्न नसक्ने भएकोले लालिगुरासँ मा.बि, जहरे मा.बि. र सनिमोर मा.बि. मा साथै आवश्यकताअनुसार अन्य बिद्यालयलाई पनि क्वारेन्टाईनको रुपमा ब्यबस्थापन गरी बिद्यालयको संगको सम्वन्यनमा प्रयोगमा ल्याउने साथै पुराना क्वारेन्टाइनको क्षमता विस्तार गर्न सकिने रहेछ भने क्षमता विस्तार गरी संचालन गर्न विद्यालय संग विपत व्यवस्थापन समितिले समन्वय गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २ : क्वारेन्टाइनको जिम्मेवारी सम्बन्धमा ।**

१) दिनदिनै भारतबाट ठुलो सख्यामा फर्कने क्रम भएकोले क्वारेन्टाईनको प्रभाबकारी अनुगमन , ब्यबस्थापन र संचालन गर्न देहाय अनुसारको समिति गठन गर्ने निर्णय गरीयो ।

क) शारदा मा.वि. क्वारेन्टाइन

वडाध्यक्ष हरी कडेल वडा नं. १२ : संयोजक
वडाध्यक्ष वडा नं. १० : सदस्य
वडाध्यक्ष वडा नं. ४ सदस्य
स्वास्थ्य कर्मी : सदस्य सचिब
वडा सचिब सदस्य
सुरक्षा कर्मी सदस्य

ख) लोदे मा.वि. क्वारेन्टाइनमा

वडाध्यक्ष पदम बहादुर खत्री वडा नं. ८ : संयोजक
वडाध्यक्ष वडा नं. ९ : सदस्य
स्वास्थ्य कर्मी . : सदस्य सचिब
वडा सचिब सदस्य
सुरक्षा कर्मी सदस्य

ग) मा.वि. भिग्नी क्वारेन्टाइनमा वडा ६ का अध्यक्ष बल बहादुर खड्काज्यू को अध्यक्षतामा वडा नं ७ का अध्यक्ष ज्यू सदस्य रहने गरि, स्वास्थ्यकर्मी सदस्य सचिव, सम्बन्धित वडाको वडा सचिव सदस्य सुरक्षाकर्मी सदस्य रहने गरि क्वारेन्टाइन व्यवास्थ्पन समिति गठन गरियो ।

वडाध्यक्ष बल बहादुर खड्का वडा नं. ६ : संयोजक
वडाध्यक्ष वडा नं. ७ : सदस्य
स्वास्थ्य कर्मी मोहन शर्मा : सदस्य सचिब
वडा सचिब सदस्य
सुरक्षा कर्मी सदस्य

२) बबई नाका को सुचना तथा जानकारीको व्यवस्थापनका लागि वडा नं ५ का अध्यक्ष प्रेम बहादुर शारु र कार्यपालिका सदस्य खिम बहादुर कामीज्यू लाई भेरीगंगा नगरपालिकासंग समन्यवकारी भूमिका निर्वाह गर्नको लागि जिम्मेवारी दिने निर्णय गरियो ।

**प्रस्ताव नं ३. सम्पूर्ण क्वारेन्टाइनको अनुगमन व्यवस्थापन सम्बन्धमा ।**

निर्णय ३ . भेरीगंगा नगरपालिकाको नगर स्तरीय विपद व्यवस्थापन समितिले सम्पूर्ण क्वारेन्टाइनको अनुगमन तथा व्यवस्थापनका साथै सहयोग गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ४ .क्वारेन्टाइनमा आवश्यक पर्ने बस्तु , औषधि र औषधि जन्य खरिद सम्बन्धमा ।**

निर्णय ४. .क्वारेन्टाइन संचालनको लागि आवश्यक पर्ने बस्तु, औषधि र औषधि जन्य सामग्री खरिद प्रक्रिया बाट जादा लामो समय लाग्ने भएकाले आकस्मिक विपद व्यवस्थापनको लागि कोटेसन प्रक्रियाबाट खरिद गर्ने निर्णय गरियो ।